नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा प्राप्त गुनासो व्यवस्थापनको लागि आकस्मिक (-यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३/०४/२१ मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | किसु चमेना गृह, का.म.ना -१०, सिंहदरबार | • खानेकुरामा कीरा भेटिएको भन्ने गुनासोको बारे निरीक्षण गर्न जाँदा सरसफाइको अवस्था सामान्य नरहेको<br>• भान्सा तथा भण्डारण कक्ष अव्यवस्थित रहेको<br>• भान्सा र भाँडा सफा गर्ने ठाउँ सँगै रहेको<br>• फ्रिजमा खानेकुराको भण्डारणको अवस्था सन्तोषजनक नरहेको। | • सरसफाइ नियमित गर्न निर्देशन दिइएको<br>• भान्सा तथा भण्डारण कक्ष व्यवस्थित तरिकाले राख्न निर्देशन दिइएको<br>• पाकेको खानेकुरा पूर्ण रुपमा छोपेर राख्न निर्देशन दिइएको। |
| २. | मनकामना आर एस. जे भी , का.म.ना -१०, सिंहदरबार | • फापरको बारा र तरकारी खाँदा सिसा जस्तो धातु भेटिएको भन्ने गुनासोको बारे निरीक्षण गर्न जाँदा सरसफाइ सामान्य रहेको<br>• फोहोरदानी खुल्ला राखिएको<br>• खानेकुरा व्यवस्थित गरेर तयारी अवस्थामा राखिएको<br>• फ्रिजको व्यवस्था सन्तोषजनक रहेको<br>• भण्डारण कक्ष व्यवस्थित तरिकाले राखिएको। | • नियमित सरसफाइ गर्न निर्देशन दिइएको<br>• पकाएका खानेकुराहरु पूर्ण रुपमा छोपेर राख्न निर्देशन दिइएको<br>• रोटी तथा बारा बनाउन तयार गरी राखिएको काँचो पीठोलाई व्यवस्थित तरिकाले भण्डारण गर्न निर्देशन दिइएको<br>• भान्सा तथा भण्डारण कक्ष व्यवस्थित गर्न निर्देशन दिइएको। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः दुई (२) वटा** | | | |

Bharma

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०४/२५

<u>**अनुगमनका केहि झलकहरु:**</u>





